आज मिति २०८२/०५/०९ गतेका दिन लेकबेसी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

बैठक संख्या: ५८

बैठक प्रारम्भ: दिनको ३:०० बजे

समापन: दिनको ५:०० बजे

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उमेशकुमार पौडेल | |
| २ | नगर उप-प्रमुख | श्री बिमला खड्का | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्र कुमार शर्मा | |
| ४ | वडा अध्यक्ष | श्री हरिमान घले | |
| ५ | वडा अध्यक्ष | श्री चन्द्रबहादुर बुढा | |
| ६ | वडा अध्यक्ष | श्री लिलाराम अधिकारी | |
| ७ | वडा अध्यक्ष | श्री लोकेन्द्र थापा | |
| ८ | वडा अध्यक्ष | श्री चक्रबहादुर शाही | |
| ९ | वडा अध्यक्ष | श्री प्रतिमान वाकाबल | |
| १० | वडा अध्यक्ष | श्री रुद्र बहादुर नेपाली | |
| ११ | वडा अध्यक्ष | श्री टिकाराम छन्तेल | |
| १२ | वडा अध्यक्ष | श्री मान बहादुर सोमै | |
| १३ | वडा अध्यक्ष | श्री प्रशुराम भण्डारी | |
| १४ | कार्यपालिका सदस्य | श्री जानकी पुन | |
| १५ | कार्यपालिका सदस्य | श्री साबित्रा नेपाली | |
| १६ | कार्यपालिका सदस्य | श्री मुक्ति खड्का | |
| १७ | कार्यपालिका सदस्य | श्री मनिशा सिंजाली | |
| १८ | कार्यपालिका सदस्य | श्री तारादेवी बराल | |
| १९ | कार्यपालिका सदस्य | श्री दिपा सिंह खनेल | |

| | | | |
|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | श्री लीलमति वि.क. | |
| २१ | कार्यपालिका सदस्य | श्री याम बहादुर दमाई | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| २२ | शाखा अधिकृत | श्री नारायणदत्त तिवारी | |
| २३. | वरिष्ठ लेखा अधिकृत | श्री दिनेश भराती | |
| २४. | अ.लो.प. | श्री डिल बहादुर रावत | |
| २५. | स्वा.का.अ | श्री दिपेन्द्र शाहा मगर | |
| २६. | प्रा.प्र. | श्री कल्पना लाइम | |
| | | | |
| | | | |
| | | | |

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मिति २०८२/०६/०९ गतेको ५८औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू:

तपसिल:

| सि.नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा। | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने। | प्र.प्र.अ. | |
| २. | शुभकामना आदान प्रदान सम्बन्धमा । | हिन्दुहरूको महान् चाड बडादशैं २०८२ को शुभ अवसरमा लेकवेशी नगरपालिकाका सबै जनप्रतिनिधी तथा कर्मचारीहरू लगायत देश विदेशमा बस्नुहुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै शुभकामना आदान प्रदान गर्ने। | प्र.प्र.अ. | |
| ३. | कार्यविधि स्वीकृत सम्बन्धमा । | सम्बन्धित शाखाबाट तर्जुमा भई पेश भएका कार्यविधी स्वीकृत गर्ने । | स्वास्थ्य शाखा तथा वातावरण तथा विपद् व्यवस्थापन उपशाखा | |
| ४. | निर्णय अनुमोदन सम्बन्धमा । | लेकवेशी नगर अस्पताल व्यवस्थापन समितिले नगर अस्पताल कोष सञ्चालनार्थ बैंक खाता सञ्चालन गर्न गरी पठाएको निर्णय अनुमोदन गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ५. | १५ शैया नगर अस्पतालको भवन निर्माण सम्बन्धमा । | यस नगरपालिकाको अन्तर्गतको १५ शैया नगर अस्पतालको अवरूद्ध भएको भवन निर्माण कार्य अविलम्ब सुचारु गरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रही बैंक जमानतहरु तथा बिमा नविकरण गर्न सम्बन्धित फर्मलाई जानकारी गराउने र निर्माण पक्षलाई यस नगरपालिकाबाट आवश्यक समन्वय सहयोग तथा स्रोत सुनिश्चतताको प्रत्याभुति गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ६ | बजेट ब्रेक डाउन सम्बन्धमा । | आ.व.२०८२/०८३ को नगरसभाबाट विपद् व्यवस्थापनका लागि विनियोजन भएको एकमुष्ठ रकम रु १५,००,०००।- ब्रेक डाउन गरी आगामी समयमा बस्ने हिउँदे नगरसभाबाट अनुमोदन गर्नु पर्ने । | योजना तथा अनुगमन उपशाखा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्ताव प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ७ | बाल कल्याण अधिकारी सम्बन्धमा । | यस नगरपालिका क्षेत्र भित्र बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि १ जना कर्मचारीलाई बाल कल्याण अधिकारीको जिम्मेवारी तोक्नुपर्ने । | प्र.प्र.अ. | |
| ८ | भेरिएसन आदेश स्वीकृत गरी खरिद कार्य अगाडी बढाउने सम्बन्धमा । | लेकवेशी नगरपालिका वडा नं. ४ जीवनज्योती मा.वि. दशरथपुरमा निर्माण भईरहेको अडिटोरीयम हल निर्माण ठेक्का नं. NCB/WORKS/LM/05/081-082 निर्माण कार्यका लागि पूर्वानुमान गर्न नसकिएको कार्यको कारणले भेरीयसन गर्नुपर्ने भएकोले पूरानो सम्झौता रकम रु. १३६८०९६८.०६/- भन्दा १२.०६ प्रतिशतले वृद्धि भई नयाँ रकम रु. १५३३२१७६.२०/- भएकोले उक्त रकम बद्धि सहितको रकममा सम्झौता गरी निर्माण कार्य अगाडी बढाउन पेश भए बमोजिमको भेरीयसन प्रस्ताव स्वीकृत गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ९ | अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन सम्बन्धमा । | चालु आ.व. ०८२/०८३ को २०८२ श्रावण देखि हाल सम्म सम्पन्न भएका योजनाहरूको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन माथि छलफल गर्ने | योजना तथा अनुगमन उपशाखा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय प्रमाणित

**मिति २०८२/०६/०९ गतेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु:**

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

हिन्दुहरूको महान् चाड बडादशैं २०८२ को शुभ अवसरमा लेकवेशी नगरपालिकाका सबै जनप्रतिनिधी तथा कर्मचारीहरू लगायत देश विदेशमा बस्नुहुने सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस नगरपालिकाको स्वास्थ्य शाखा र वातावरण तथा विपद् व्यवस्थापन उपशाखा बाट तर्जुमा भई स्वीकृतका लागि पेश भएका निम्न कार्यविधीहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

- लेकवेशी नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरुको फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०८२ ।
- लेकवेशी नगरपालिकाको बर्थिङ्ग सेन्टर संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ ।
- लेकवेशी नगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ ।

**निर्णय नं. ४**

यस नगरपालिकाको अन्तर्गत रहेको लेकवेशी नगर अस्पतालको आर्थिक कारोवार व्यवस्थित गर्न नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम अस्पतालको कोष सञ्चालनका लागि बैंक खाता खोली सञ्चालन गर्न अस्पताल व्यवस्थापन समितिले मिति २०८२/०४/२० गतेको बैठकबाट निर्णय गरी पठाएकाले उक्त निर्णय आजको नगर कार्यपालिका बैठकमा छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नगरपालिकाको अन्तर्गतको १५ शैया नगर अस्पतालको अवरूद्ध भएको भवन निर्माण कार्य अविलम्ब सुचारु गरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रही बैंक जमानतहरु तथा बिमा नविकरण गर्न सम्वन्धित फर्मलाई जानकारी गराउने र निर्माण पक्षलाई यस नगरपालिकाबाट आवश्यक समन्वय सहयोग तथा स्रोत सुनिश्चतताको प्रत्याभुति गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

आ.व.२०८२/०८३ को नगरसभाबाट विपद् व्यवस्थापनका लागि विनियोजन भएको एकमुष्ठ रकम रु १५,००,०००।- (पन्ध्र लाख) लाई तपसिलमा उल्लेखित शिर्षकमा रकम ब्रेक डाउन गरी कार्यान्वयन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने र उक्त योजनाहरुको संशोधन आगामी समयमा बस्ने हिउँदे नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

| सि. नं. | योजना /कार्यक्रमको नाम | स्पेशिफिकेशन | अनुमानित बजेट रु | कै. |
|---|---|---|---|---|
| १ | विपद प्रतिकार्य सामाग्री खरिद | Fire Extinguisher | २,००,०००।- | |
| २ | विपद कोष | विपद पिडितलाई खाध्यान्न तथा सामाग्री वितरण | ६,००,०००।- | |
| ३ | सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीसंग नगर स्तरीय अन्तरक्रिया कार्यकम, समन्वय वैठक | डढेलो नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी | ६०,०००।- | |
| ४ | हरियाली प्रवर्द्धन कार्यक्रम | खाली सार्वजनिक स्थान, सडक किनारामा वृक्षा रोपन तथा संरक्षण । | २,००,०००।- | |
| ५ | विश्व वातावरण दिवस | जुन ५ विश्व वातावरण दिवस मनाउने | ४०,०००।- | |
| ६ | फोहोर व्यवस्थापन | दुई स्थानमा कुहिने र नकिहने फोहर संकलन गरी पुनर प्रयोग हुने बनाई विक्रि गर्न संकलन केन्द्रमा जम्मा गर्ने । | ४०००००।- | |
| | कूल जम्मा रु. | | १५,००,०००।- | |

**निर्णय नं. ७**

यस नगरपालिका क्षेत्र भित्र बालवालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि यस कार्यालयको महिला बालवालिका तथा समाज कल्याण उपाखामा कार्यरत महिला विकास निरीक्षक (सहायकस्तर पाचौं) श्री निर्मला भट्टराईलाई बाल कल्याण अधिकारीको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

लेकवेशी नगरपालिका वडा नं. ४ जीवनज्योती मा.वि. दशरथपुरमा निर्माण भईरहेको अडिटोरीयम हल निर्माण ठेक्का नं. NCB/WORKS/LM/05/081-082 निर्माण कार्यका लागि पूर्वानुमान गर्न नसकिएको कार्यको कारणले भेरीयसन गर्नुपर्ने भएकोले पूरानो सम्झौता रकम रु. १३६८०९६८.०६/- भन्दा १२.०६ प्रतिशतले बृद्धि भई नयाँ रकम

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

८. [illegible]

[illegible]

[illegible]

CamScanner